# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

**आर्थिक वर्ष २०६३/६४ मा बजार निर्माताको इजाजत लिनको लागि निवेदन आव्हान गरिएको सूचना**

नेपाल सरकारद्वारा निष्कासित राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र तथा विकास ऋणपत्रहरुको प्राथमिक तथा दोश्रो बजार मार्फत खरिद बिक्री कारोवारका लागि बजार निर्माताको रुपमा कार्य गर्न इच्छुक तर आर्थिक वर्ष २०६२/६३ को लागि बजार निर्माताको इजाजतपत्र नलिएका नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गमध्ये कुनै एक वर्ग अन्तर्गत वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट २०६२ आषाढ मसान्तको अन्तिम लेखापरीक्षण भएको वासलात, बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली, वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त इजाजत पत्रको प्रतिलिपिहरुका साथै नेपाल राष्ट्र बैंक, ना.नो.आ.हि. फुटकर हिसावमा इजाजतपत्र दस्तुर बापत जम्मा गरेको रु.१,०००।( को सक्कल भौचर सहित यही मिति **२०६३ साल जेष्ठ २८ गते भित्र** नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथलीमा आइपुग्ने गरी निवेदन आव्हान गरिएको छ ।

साथै, आर्थिक वर्ष २०६२/६३ को लागि बजार निर्माताको इजाजतपत्र लिएका बजार निर्माताहरुको इजाजतपत्र नवीकरणका लागि चालु आर्थिक वर्ष २०६२/६३ को लागि यस विभागबाट प्राप्त इजाजतपत्रको सक्कल प्रति, २०६२ आषाढ मसान्तको अन्तिम लेखापरीक्षण भएको वासलात र नेपाल राष्ट्र बैंक ना.नो.आ.हि. फुटकर हिसाबमा रु.१००।( जम्मा गरेको सक्कल भौचर संलग्न गरी उल्लेखित म्यादभित्र निवेदन पेश गर्नु पर्नेछ । म्यादभित्र नवीकरणका लागि निवेदन नदिएको खण्डमा थप सात दिनसम्मका लागि रु.१,०००।( थप दस्तुर तिरी निवेदन दिन सकिनेछ । तर, यसरी थप म्यादभित्र समेत नवीकरणका लागि निवेदन पेश नगरेमा त्यस्ता बजार निर्माताको इजाजतपत्र स्वत: रद्द भएको मानिनेछ ।